मितिः-२०८२/०६/१९गते

श्री माननीय अध्यक्षज्यु,
भाद्र २३ र २४ को घटना सम्बन्धी उच्चस्तरीय जाँचबुझ आयोग
२०८२ को सचिवालय, सिंहदरबार काठमाण्डौं, नेपाल।

***बिषयः- शंकास्पद गतिविधिमा संलग्नलाई तत्काल निलम्वन गरी कानून बमोजिम कार्वाही गरी पाँउ भन्ने बारे।***

महोदय,

उपर्युक्त सम्बन्धमा मिति २०८२/०५/२३ र २४ गते युवा पुस्ता (जेनजी) द्वारा शुरु गरिएको आन्दोलन मार्फत के.पी. शर्मा ओलीको सरकार अपदस्त भई सत्ता परिवर्तन भएको ब्यहोरा सर्वविदितै छ। सो आन्दोलनका क्रममा भाद्र २३ गते सरकारका तर्फबाट दर्जनौ मानिस माथि भएको गोली प्रहारले जुन मानवीय क्षति भएको छ त्यो सन्दर्भमा नेपाल प्रहरीको जिल्ला प्रहरी परिसर काठमाण्डौंले सुरक्षाका निम्ति सोही दिन बिभिन्न प्रहरी कार्यालयहरुबाट फिल्डमा खटाएका फिल्ड कमाण्डरहरु, काठमाण्डौं परिसरका अप्रेशन कमाण्डर डिएसपी सुन्दर तिवारी, किलो टु कलसाइनका एसपी अपिलराज बोहरा, काठमाडौंको सुरक्षा जिम्मेवारी बोकेका किलो वान कलसाइनका एसएसपी विश्व अधिकारी, काठमाडौं उपत्यका प्रहरी कार्यालयबाट अपरेसन कमान्डरको जिम्मा लिएका एसएसपी दिपशमसेर जवरा, नेपाल प्रहरीबाट काठमाडौं उपत्यकाको कमाण्ड गर्दै आएका तत्कालिन निमित कमाण्डर डिआइजिपी ओमबहादुर राना, नेपाल प्रहरीका प्रमुख आइजिपी चन्द्र कुबेर खापुङ्ग, सशस्त्र प्रहरीका महानिरीक्षक राजु अर्याल र उनीहरुले आन्दोलनको सुरक्षार्थ खटाएका मातहतका सम्पुर्ण कमाण्डरहरु, राष्ट्रिय अनुसन्धान विभागका तत्कालिन प्रमुख हुतराज थापा  र उनले सूचना संकलनका लागि तोकिएका कमाण्डर, काठमाण्डौंका तत्कालिन सि.डि.ओ. छविलाल रिजाल, तत्कालिन गृह सचिव गोकर्नामानी दुवाडी, मुख्य सचिव एकनारायण अर्याल, तत्कालिन गृहमन्त्री रमेश लेखक र तत्कालिन प्रधानमन्त्री के.पी. शर्मा ओलीले प्रत्यक्ष रुपमा सम्पुर्ण जिम्मेवारी लिनु पर्ने कुरामा कुनै शंका रहेन। यसका साथै भाद्र २३ रातीको को मन्त्रीपरिषद बैठकको निर्णयले आन्दोलनको दोश्रो दिन भाद्र २४ गते बिहानै उपत्यका प्रहरी प्रमुखको जिम्मेवारी दिएर नेपाल प्रहरीका अतिरिक्त महानिरीक्षक (एआईजिपी) दान बहादुर कार्कीलाई काठमाण्डौं उपत्यकाका तीन जिल्ला काठमाण्डौं, ललितपुर र भक्तपुरको कमाण्ड कन्ट्रोल, शान्ति सुरक्षा तथा अपराध अनुसन्धान हेर्ने गरी जिम्मेवारी दिएर खटाई पठाएको थियो। सरकारको भाद्र २३ गते साँझको निर्णय अनुसार भाद्र २४ गते बिहान ७ बजे देखि नै उनले काठमाण्डौं उपत्यका कार्यालय रानीपोखरीको जिम्मेवारी सम्हालेका थिए।

भाद्र २४ गते बिहान ९ बजे देखि जेनजीहरु सडकमा आउन थालेका थिए। दोश्रो दिनको आन्दोलनको केन्द्रबिन्दू पनि मुख्यगरी नयाँबानेश्वर क्षेत्र र उक्त स्थानमा रहेको संसद भवन रहेको थियो। २४ गते बिहान ७ बजे देखि नै बानेश्वर लगायत प्राय स्थानहरुमा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीको बाक्लो डिउटी खटाईएको थियो। बिहान ११ बजे देखि जेनजीद्वारा बानेश्वरमा रहेको संसद भवनमाथि आक्रमण हुँदा सुरक्षा जिम्मेवारीमा खटाईएका सुरक्षाकर्मीहरुले कुनै प्रतिक्रिया नजनाई आगजनी गर्न दिएका थिए। सम्मानित आयोगलाई अवगत होस् भाद्र २३ गते देखि लगाएको कर्फ्यु आदेशमा नेपाली सेना परिचालित नहुनुका पछाडी उसको समेत शंकास्पद भूमिका रहेको देखिन्छ। फलस्वरुप आन्दोलनकारीहरुको मनोवल उच्च भई उनीहरुले बिभिन्न प्रहरी कार्यालयहरु, देशको मुख्य प्रशासनीक भवन सिंहदरबार,

सर्वोच्च अदालत लगायत महत्वपुर्ण प्रतिष्ठानहरुमा आगजनी गर्नुका साथै ब्यक्ति आक्रमण र लुटपाटमा केन्द्रित हुन पुगेका थिए। नेपाली सेना प्रमुख अशोकराज सिग्देल र प्रधानमन्त्री के.पी. ओलीको ब्यक्तिगत लडाँईका कारण राज्यले यति धेरै क्षति ब्यहोर्नु परेको यथार्थ कोहि कसै, कहिँ कतैबाट लुक्न सक्दैन। नेपाल प्रहरी र सशस्त्र प्रहरी वल प्रमुखले आत्मसमर्पण गर्नुका पछाडी नेपाली सेनाको ठूलो दवाव थियो भन्ने कुरा चन्द्र कुबेर खापुङ्ग र राजु अर्याल दुबैजना २४ गते नेपाली सेनाको हेडक्वाटरमा थिए भन्ने कुराले जनाउँछ। उनीहरु सुरक्षाका लागि आफै बसेका थिए वा सेनाले नियन्त्रणमा राखेको थियो भन्ने कुरा कालान्तरमा खुल्दै जाला।

जेनजी आन्दोलनमा सबैभन्दा धेरै हिंसा र आगजनी गर्ने राजनितिक दलका कार्यकर्ताहरुमा राष्ट्रिय स्वतन्त्र पार्टीका कार्यकर्ता अग्रपङ्तिमा र तत्पश्चात, माओवादी केन्द्रका अध्यक्ष प्रचण्डका कार्यकर्ता र राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देन र आफुलाई अभियन्ता दावी गर्ने दुर्गा प्रसाईका कार्यकर्ताका साथै चोर, डाँका, अपराधिहरुको उपस्थिति थियो। साथै कतिपय स्थानहरुमा ब्यक्ति र सम्पत्ति केन्द्रित आक्रमण हुन थाले पछि नेपाली काङ्ग्रेस र एमालेका कार्यकर्ताहरु पनि प्रति आक्रमणमा सहभागी भएका थिए।

सबैभन्दा पहिले देशको First Line Agency भनेको रुपमा नेपाल प्रहरी हो। देशमा शान्ति सुरक्षा कायम राख्ने प्रमुख जिम्मेवारी नेपाल प्रहरीको हो। भाद्र २४ गतेका दिन नेपाल प्रहरीका प्रहरी महानिरीक्षक चन्द्र कुबेर खापुङ्गको लोकेशन हेरियोस् उनी प्रहरी प्रधान कार्यालय नक्सालमा थिएनन्। काठमाण्डौं उपत्यकाको शान्ति सुरक्षाको नयाँ जिम्मेवारी पाएका एआईजिपी दान बहादुर कार्की आन्दोलनकारी नआउँदै रानीपोखरीबाट भागि सकेका थिए। उनि आफ्नो कार्यालय छोडेर नेपाली सेनाको हेडक्वार्टर भद्रकालीमा गएका थिए। सम्मानित आयोगलाई अवगत होस् उनले आफुले मात्र कार्यालय छोडेनन्। काठमाण्डौं उपत्यकाका तीनवटै प्रहरी परिसरलाई प्रहरीले प्रयोग गर्ने वाकीटकी सेटबाट प्रहरी हिरासतमा रहेका सम्पुर्ण थुनुवाहरुलाई छोड्ने आदेश दिएर प्रहरीलाई आत्मसमर्पण गर्न लगाएका थिए। परिणामस्वरुप आज नेपाल प्रहरीले प्रयोग गर्ने अत्याधुनिक लामो दूरीका हतियारहरु ईन्सास, एस.एम.जी., एस.एल.आर., थ्रीनट-थ्री र छोटो दूरीका पेस्तोल, रिभल्वर, ग्यासगन, असवाव लगायत पन्ध्र सय भन्दा धेरै हातहतियार र नब्बे हजार भन्दा ज्यादा राउण्ड गोली सर्वसाधारणको पहुँचमा पुगेका छन्। भाद्र २४ गते लुटिएका हतियारको पृष्ठभूमीमा यो देशले अर्को गृह युद्धको सामना नगर्ला भन्न सकिन्न।

उपरोक्त सम्पूर्ण बिषयहरुको प्रमुख कारक एआईजिपी दान बहादुर कार्की र प्रहरी महानिरीक्षक चन्द्रकुबेर खापुङ्ग हुन भन्ने कुरामा कुनै शंका छैन। चेनअफ कमाण्डमा चल्ने प्रहरी संगठनका मातहत दर्जालाई थुनुवा छोड्ने, हतियार सुम्पिने आदेश एआईजिपी दान बहादुर कार्कीले दिएका थिए। यो आदेश पक्कै पनि उनले चन्द्र कुबेर खापुङ्ग मार्फत पाएको हुन सक्ने भएकाले गम्भीर अनुसन्धान हुनुपर्ने देखिएको हुँदा सम्मानित आयोगको अविलम्व ध्यानाकर्षण होस्।

यसका साथै सम्मानित आयोगलाई ज्ञात होस्, काठमाण्डौं उपत्यकामा सबैभन्दा धेरै हतियार एआईजिपी दान बहादुर कार्कीको कार्यालय रानीपोखरीबाट लुटिएका छन्। प्रहरीलाई गोली नचलाउने आदेश दिएर मुलुकलाई राज्य बिहिनतामा पुर्याउनुका साथै सर्बोच्च अदालतले प्रहरी पठाइदिन आग्रह गर्दा समेत प्रहरी नपठाएको भनि सर्वोच्च अदालतको फुलकोर्ट बैठकमा चर्चा हुनुले एआईजिपी दानबहादुर कार्कीको नियतमा ठूलो खोट र स्वार्थ थियो भन्ने कुरामा कुनै संकोच रहेन। काठमाण्डौं उपत्यका लगायत देशको अवस्था जटिल बन्दै गएको र प्रधानमन्त्री ओलीले समेत पद त्याग गरे पश्चात कार्की झनै हौसिएका थिए। देशको आगामी प्रधानमन्त्री रवि लामिछाने र नेपाल प्रहरीको आईजिपी आफु हो भन्दै काठमाण्डौंका तत्कालिन प्र.जि.अ. छविलाल रिजाल मार्फत गृह सचिव गोकर्ण मणी दुवाडीलाई पुर्पक्षको क्रममा रहेका रवि लामिछानेलाई नख्खु कारागारबाट निकाल्नको लागि पत्र लेख्न भनि उनैले उक्साएका थिए।

रास्वपा पार्टीका कार्यवाक अध्यक्ष डि.पी. अर्याललाई पटक पटक फोन गरी गृह सचिव गोकर्ण मणी दुवाडीलाई टेलिफोन गर्न भनेको, गृह सचिव दुवाडी र दान बहादुर कार्कीको बिचमा सो बिषयमा बारम्बार कुराकानी भएको, डि.पी. अर्याल र मुख्य सचिव एकनारायण अर्यालका बिचमा समेत रवि लामिछानेलाई कारागारबाट निकाल्ने कुरामा सहमति भएको, एआइजिपी दान बहादुर कार्की, गृह सचिव दुवाडी र रवि लामिछानेका पत्नि निकिता पौडेल लामिछानेको बिचमा समेत कुराकानी भएको र डि.पी. अर्यालले क्रमशः ललितपुर प्रहरी प्रमुख, सशस्त्र प्रहरी प्रमुख र नख्खु कारागारका प्रशासकलाई समेत फोन गरेको अवस्था छ। त्यसै कारण रास्वपाको सम्पुर्ण हेडक्वाटर रबि लामिछानेलाई

निकाल्न नख्खु कारागारमा गएको र रास्वपाका नेता मनिष झा समेत मिलेर नख्खु कारागारमा आगजनी गरेको भिडियो फुटेजहरुमा प्रमाणित भइसकेको छ । यसका साथै कारागारबाट निस्किदै गर्दा रवि लामिछाने स्वयंले कारागार भत्काउन र आगजनी गर्न उक्साएको भिडियोहरु समेत सोसियल मिडियामा भाईरल बनिरहेका छन् । रवि लामिछानेलाई नख्खु कारागारबाट निकाले पश्चात उनले हात हल्लाउँदै चढेको बा ३० च २२८२ नम्बरको निलो रङ्को BYD कार गायक रामकृष्ण ढकालको नाममा रहेको छ । रबि लामिछाने कारागारबाट निकालिएका कारण देशभरका कारगार र वाल सुधार गृहबाट जम्मा १३११४ जना कैदीबन्दिहरु फरार भएकोमा अझै आधाभन्दा धरै जघन्य अपराधमा संलग्न कैदीहरु सरकारको नियन्त्रण भन्दा बाहिर छन् । फलस्वरुप नेपालको राष्ट्रिय सुरक्षामा मात्र नभई अन्तराष्ट्रिय रुपमा समेत नेपालको ठूलो वदनामी भएको अवस्था छ ।

श्रीमान् आयोग प्रमुख ज्यू, प्रहरी ऐन, कारागार प्रशासन ऐन, स्थानीय प्रशासन ऐन, फौंजदारी संहिता, राष्ट्रिय मानव अधिकार आयोग ऐन, महत्वपुर्ण प्रतिष्ठानको सुरक्षा र राष्ट्रिय सुरक्षा निति लगायत थुप्रो कानूनका बिषयमा यहाँलाई विदितै छ । कानून बमोजिम यथाशक्य कार्वाही हुनेछ भन्ने बिषयमा हामी ढुक्क छौं ।

निश्चित रुपमा एआईजी दान बहादुर कार्कीको भूमिका रहस्यमयी छ । रवि लामिछानेलाई जेलबाट निकालेपछि प्रधानमन्त्री बन्ने र आफु आईजीपी हुने भन्ने गलत भ्रम र कुनियत राख्दा प्रहरी र देशले ठूलो क्षति ब्यहोरेको छ । देशको मुख्य प्रशासनीक भवन सिंहदरबार, संसद भवन र नेपाली नागरीकको आस्था, विश्वास र न्यायको प्रतिक सर्बोच्च अदालत खरानी भएको छ । हाक्राहाकी थुनुवाहरु छोड्न आदेश दिने, प्रहरीलाई आत्मसमर्पण गर्न लगाउने, चेन अफ कमाण्ड कायम गर्न नसक्ने, डिउटीको समयमा कार्यालय छोड्ने, हातहतियार गोलीगठ्ठा र असवाव सुम्पिन लगाउने र समग्रमा प्रहरी संगठनको आत्मवल कमजोर बनाउनुका साथै सिंहदरबार र सर्वोच्च अदालत लगायत महत्वपुर्ण प्रतिष्ठानहरुको सुरक्षा जानि जानि नगर्ने, राष्ट्रिय स्वतन्त्र पार्टीका कार्यबाहक अध्यक्ष डि.पी. अर्यालसँग टेलिफोन सम्वाद गरी नख्खु कारागारबाट रवि लामिछानेलाई निकाल्न लगाई देशभरका कारागारका कैदीहरुलाई जेल ब्रेक गर्न उक्साएको कसुरमा छानविन र हातहतियार लुटाएको कसुरमा कानून बमोजिम कार्वाही गर्नु पर्ने भएको र प्रहरी महानिरीक्षक चन्द्रकुबेर खापुङ्, एआइजिपी कार्की र २३ र२४ गतेको घटनामा काठमाडौं प्रहरी प्रमुखको जिम्मेवारीमा रहेका एसएसपी विश्व अधिकारी लगायत सुरक्षा निकायका जिम्मेवार अधिकारीहरुलाई बहालमै राख्दा आफुबिरुद्दको प्रमाण नष्ट गर्न सक्ने भएकाले निजहरुलाई तत्काल निलम्बन गरी प्रहरी ऐन २०१२ तथा प्रचलित कानुन बमोजिम कारबाही गरिपाउँ भनि यो निवेदन पेश गरेका छौ।

सम्मानित उच्चस्तरीय जांचबुझ आयोगको जानकारीको लागि मिति २०८२ भदौ २३ को नयाँ बानेश्वरको घटनाक्रम अवगत गराउन बान्छनीय हुन्छ । गत भदौ २३ को जेन–जी आन्दोलनको दिन काठमाडौं उपत्यकाको तीन जिल्लाको सुरक्षा हेर्ने उपत्यका प्रहरी कार्यालय नेतृत्वविहीन थियो । तत्कालीन एआईजी टेकबहादुर तामाङ अवकाशमा गएपछि निमित्त प्रमुखको जिम्मेवारी डिआईजी ओम रानाले सम्हालिरहेका थिए । राष्ट्रिय अनुसन्धान बिभागबाट नेपाल प्रहरीमा स्थानान्तरण भएका विवादास्पद पृष्ठभूमिका उनी कमाण्ड कन्ट्रोलमा कमजोर मानिन्छन् । डीआईजी रानाको कमान्ड कमजोर देखिएपछि उपत्यका प्रहरी कार्यालयका एसएसपी दीपशमशेर जवराले उपत्यकाको अपरेसनको कमान्ड सम्हालेका थिए । जेन–जी आन्दोलनमा सामान्य प्रदर्शन हुने आँकलन गरेको काठमाडौं प्रहरी टोली त्यतिबेला झस्कियो, जब डिएसपी एलिजा गिरीले संचारसेटमा 'पुलिस मार्यो, मार्यो, हामीलाई मार्न आँट्यो ।'डीएसपी गिरीले संचार सेटमा गुहार माग्दै गर्दा प्रदर्शनकारीहरु बानेश्वरको सुरक्षा घेरा तोडेर सांसद भवनभित्र छिर्न थालिसकेका थिए । त्यसलगत्तै संचारसेटमा तत्काल गोली चलाउने आदेश आयो । आदेश दिने प्रहरी अधिकारी थिए काठमाडौं प्रहरी प्रमुख एसएसपी बिश्व अधिकारी । एसएसपी अधिकारीले पटक–पटक गरी ६ पटक गोली चलाउन आदेश दिए । तर पनि फिल्डमा खटिएको टोलीले स्थिति नियन्त्रणमा लिन गोली नचलाएपछि एसएसपी अधिकारीले आक्रोशित हुँदै संचारसेटमा भनेका थिए 'मैले ६–६ पटक भनिसकैं, तुरुन्तै गोली चलाऊ, गोली नचलाए फिल्ड कमान्डरलाई कारबाही गर्छु।' एसएसपी अधिकारीको आदेशलगत्तै काठमाडौं उपत्यका प्रहरी कार्यालय रानीपोखरीबाट अपरेसनको कमाण्ड गरेका एसएसपी दीपशमशेर जवरा कराएर वाकीटकीमा भन्न थाले– 'तत्काल गोली चलाऊ, संसद भवनभित्र मान्छे छिर्न नदेऊ, पटकपटकको

दबाबपछि फिल्डको प्रहरी यसरी दमनमा उत्रियो कि केही क्षणमै दर्जनौ युवा ठाउँको ठाउँ ढले, १९ जनाको मृत्यु भयो। प्रहरीले बर्बर तरिकाले आन्दोलनकारी युवा विद्यार्थीहरुलाई गोलीले उडाएपछि सारा मुलुक नै आन्दोलनमा उत्रिने अवस्था सिर्जना भयो। राज्यपक्षबाट १९ जनाको बर्बर हत्यापछि दवाब थेग्न नसकेर गृहमन्त्री रमेश लेखकले नैतिकताको कारण देखाउँदै राजीनामा दिए। त्यसैदिन साँझ बसेको राष्ट्रिय सुरक्षा समितिको बैठकमा उपत्यकाको प्रहरी नेतृत्व खाली भएकोले तत्काल एआईजी खटाउनुपर्ने भन्दै नेपाल प्रहरीका आईजीपी चन्द्रकुवेर खापुङले प्रस्ताव गरे। उपत्यका प्रमुखमा एआईजी दानबहादुर कार्कीलाई खटाउने निर्णय भयो।

२४ गते बिहानै उपत्यका प्रहरीको कमान्ड सम्हालेका एआईजिपि कार्कीले सर्वोच्च अदालत, सिंहदरबार, संसद भवन, प्रधानमन्त्री निवास, प्रहरी कार्यालयहरु लगायत विभिन्न ब्यापारिक भवन ध्वस्त हुँदा पनि कुनै हालतमा गोली नचलाउने, थुनुवा छोड्ने आदेश किन गरे ? यस सम्बन्धमा पनि सम्मानित आयोगबाट गम्भिरतापुर्वक अनुसन्धान हुन जरुरी छ। काठमाडौँ उपत्यकामा कार्यरत हामी पिडित कर्मचारीहरुको अवस्था के भयो ? सम्मानित आयोगलाई अवगत नै छ।

संचार सेटमा ' कुनैपनि हालतमा गोली चलाउँदै नचलाउनू, बल प्रयोग नगर्नू भन्ने अनि आफैं भागेर कमान्डर एआईजी नै नेपाली सेनाको हेडक्वार्टर छिरेपछि हामी मातहतको प्रहरीले कुन मनोबलले काम गर्ने? पछि थुनुवा पनि छोड्नू भन्ने आदेश आयो, तिनै थुनुवाले हाम्रो कार्यालयमाथि आगजनी गरे, हाम्रो सहकर्मी प्रहरी साथीहरुलाई मारियो, कुटियो, हातहतियार लुटियो। प्रहरीलाई हात खडा गराएर आत्मसमर्पण गराएर बागमतीमा धकेलेर ढुङ्गा हान्दा समेत आईजिपि खापुंग र एआइजिपि कार्की किन रमिता हेरेर बसे ? छानबिन होस्।

हामी प्रहरीहरुले अब कुन मनोबलले काम गर्ने ? कमसेकम हामीलाई आफ्नो कार्यालय, सवारीसाधन, हातहतियार र थुनुवाको सुरक्षा गर्नु भनेर तालुक कार्यालयले थोरै भएपनि आत्मबल दिएको भए हामी हाम्रो प्रहरी कार्यालय, हातहतियार, सावारीसधन र थुनुवाहरुको सुरक्षा गर्न सक्षम थियौं। तर एआइजिपि कार्कीबाट फिल्डमा खटिएका हाम्रो आत्मबल बढाउनु त कहाँ हो कहाँ, आफू सुरक्षित भएर भाग्नू भन्ने आदेश किन दिए ? भदौ २४ मा एआइजिपि कार्कीको ब्यक्तिगत स्वार्थ र बदनियतको कारण प्रहरी कार्यालयहरु र कार्यरत हामी प्रहरी कर्मचारीको यो अवस्था भएकोमा दुइमत छैन। बिभिन्न अनलाइन मिडियाहरुमा प्रकाशित समाचार अनुसार ***'अराजक भीडले रवि लामिछानेलाई जेलबाट निकालेर लिएर आउछ, अनि लामिछाने सिधै प्रधानमन्त्री हुन्छन्। र आफु सहजै प्रहरी नेतृत्वमा पुग्छु भनेर बदनियत राखेको प्रष्ट बुझिन्छ।***

एआइजिपि कार्कीले पछिल्लो समय आफ्नै संगठनका अधिकृत जवानहरुबाटै असुरिक्षित महसुस गरेर आफ्नो सुरक्षामा अगुवा पछुवा गाडी लिएर हिड्ने गरेको हामी आफैले देख्ने गरेका छौ। आफ्नै बदनियत र कमजोरीको कारण प्रहरी संगठनको मनोबल घटेको, कार्यालय ध्वस्त भएको, तीन प्रहरी कर्मचारी मारिएको, प्रहरीमाथि कुटपिट र दुर्व्यवहार भएको, हातहतियार लुटिएको घटनामा हामी निवेदकजस्ता तल्लो दर्जाका प्रहरी कर्मचारीहरुको बुझाइ रहेको थाहा पाएपछि उनले आफ्नो सुरक्षा बढाएका छन्। पछिल्लो समय उनले २० जना भन्दा प्रहरीको जम्बो टोलीको लावालस्कर लिएर हिंड्ने गरेका छन्।

अहिलेसम्म आईजीपी बाहेक कसैले पनि अगुवा पछुवा गाडी लिएर हिंड्ने गरेको देखिएको सुनिएको छैन। नेपाल प्रहरी जस्तो जनताको सेवा गर्ने संगठनलाई अस्तव्यस्त र ध्वस्त बनाएको अधिकृत पदमै बसिरहन सुहाउने कुरा होइन। आफ्नै विभागका सदस्यबाट असुरक्षित ठानेर प्रहरीको ठूलो जत्था लिएर हिड्ने उनलाई एक मिनेटपनि पदमा राखिराख्नु भनेको राज्य बिरुद्धको अपराध हो। तसर्थ उनको बिगत, बिभिन्न आपराधिक क्रियाकलापमा संलग्न व्यक्तिहरुसंगको उठबस, विभागीय ट्र्याक रेकर्डको पनि अनुसन्धान हुनुपर्दछ। उनका अलावा २३ गतेको शान्तिपूर्ण आन्दोलनमा होमिएका युवाहरुमाथि जथाभावी गोली बर्साएर निर्मम हत्या गर्न वाकीटकीबाट आदेश दिने तत्कालिन काठमाडौं प्रहरी प्रमुख एसएसपी विश्व अधिकारी, उपत्यका प्रहरीका अपरेसन कमाण्डर एसएसपी दीप शमशेर जवरा र अत्याधुनिक हतियारबाट गोली बर्साउने केन्द्रीय प्रहरी विशेष कार्यदलका प्रमुख एसपी ऋषिराम कँडेल, नगर प्रहरी कार्यालय काठमाडौँका डिएसपी मन्जिल मुकारुङ, काठमाडौं परिसरका अपरेसन कमान्डर डीएसपी सुन्दर तिवारी र केन्द्रीय प्रहरी विशेष कार्यदलबाट संसंद भवन सुरक्षार्थ

खटिएको स्पेशल टास्क फोर्सका इन्स्पेक्टर समुन्नत अधिकारी, जथाभावी अत्याधुनिक हतियारबाट गोली प्रहार गर्नेहरुको समेत पहिचान गरि अपराधमा संलग्न सबैलाई तत्काल निलम्बन गरेर प्रचलित कानुन बमोजिम कारबाही गरियोस भनि माग गर्दछौ।

**<u>साथै निम्न विषयहरु थप प्रमाणमा लगाई पाँउ</u>**

१. राष्ट्रिय स्वतन्त्र पार्टीका कार्यवाहक सभापति डोल प्रसाद (डि.पी.) अर्याल, रवी लामिछानेकि पत्नी निकिता पौडेल लामिछाने, रास्वपाकै स्वर्णिम वाग्ले, एआइजिपि दान बहादुर कार्की, तत्कालिन काठमाडौँ सिडिओ छविलाल रिजाल, तत्कालिन गृहसचिव गोकर्णमणी दुवाडी र मुख्यसचिव एकनारायण अर्याल बिचमा कुराकानी भएको कल डिटेल्स रेकर्ड (CDR) हेरीपाँउ।
२. सामाजिक सञ्जालमा भएका भिडियो फुटेजहरु हेरीपाँउ।
३. बिभिन्न मिडियामा आएका समाचारहरुलाई आधार बनाई पाँउ।
४. काठमाण्डौं उपत्यकामा भाद्र २३ र २४ गतेका दिन डिउटीमा खटिएका अप्रेशन कमाण्डर डिएसपी सुन्दर तिवारी, फिल्ड कमान्डरहरु, र ड्युटीमा खटिएका सम्पूर्ण अधिकृत जवान लगायतका प्रहरी कर्मचारीहरुलाई बुझिपाउँ।
५. काठमाण्डौं उपत्यकामा माथिल्लो आदेशको तल्लो तहसम्म सम्प्रेषण गर्ने प्रहरी कन्ट्रोल रुममा खटिएका प्रहरी संचारका कमाण्डर लगायत प्रहरी कर्मचारीलाई बुझिपाँउ, भदौ २३ र २४ गतेको वाकीटकी सेटको सम्पूर्ण रेकर्ड झिकाई प्रमाण लगाईपाउँ।
६. कानून बमोजिम तत्कालिन गृहसचिव गोकर्णमणि दुवाडी, राष्ट्रिय स्वतन्त्र पार्टीका कार्यवाहक सभापति डोल प्रसाद (डि.पी.) अर्याल र एआईजिपि दान बहादुर कार्कीले प्रयोग गरिरहेको मोवाईल नियन्त्रणमा लिई रितपूर्वक बरामद गरी Digital Forensic Lab (DFL) मा राखी WHATSAPP, VIBER समेतको रेकर्ड हेरीपाँउ।

<u>बोधार्थ:</u>
१: सम्माननीय प्रधानमन्त्री श्री सुशिला कार्की ज्यु
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरवार काठमाडौँ।

२: माननीय गृहमन्त्री श्री ओमप्रकाश अर्याल ज्यु
गृहमन्त्रालय सिंहदरवार काठमाडौँ।
(जानकारीको लागि)

*निवेदक*
*काठमाडौ उपत्यकामा कार्यरत सम्पूर्ण दर्जाका पीडित प्रहरी कर्मचारीहरु*